नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पत्र संख्या: ०७५/७६

चलानी नं. १९५

मिति:२०७६।०३।१५

विषय: आर्थिक वर्ष २०७५/७६ को केन्द्रिय आर्थिक विवरण वारे ।

प्रिय सहकारी ज्यू

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ अनुसार मन्त्रालय, संवैधानिक अंग तथा निकायहरुले प्रत्येक वर्षको कार्तिक मसान्त भित्र केन्द्रिय आर्थिक विवरण तयार गरी यस कार्यालयमा पेश गर्नु पर्ने र सोही आधारमा यस कार्यालयले नेपाल सरकारको एकीकृत आर्थिक विवरण तयार गरी पौष मसान्त भित्र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने दायित्व रहेको व्यहोरा विदितै छ । उक्त कानूनी व्यवस्था भएतापनि यस कार्यालयले महालेखा परीक्षकको कार्यालयमा नेपाल सरकारको आर्थिक वर्ष २०७५।७६ को एकीकृत आर्थिक विवरण २०७६ कार्तिक मसान्तभित्र पेश गर्ने प्रतिबद्धता जनाए बमोजिम तँहाबाट कार्तिक ३ गते भित्र केन्द्रिय आर्थिक विवरण पेश गर्नु हुन अनुरोध गर्दछु । आर्थिक विवरण पेश गर्दा निम्नानुसारका बुँदामा विशेष ध्यान दिनुहुनेछ भन्ने विश्वास लिएको छु ।यसरी आर्थिक विवरण पठाउँदा TSA-DECS र RMIS मा भिडान गरेर मात्र पठाउने व्यवस्था मिलाउनु हुन समेत अनुरोध गर्दछु ।

तपशिल

१. केन्द्रिय आर्थिक हिसाव भिडान कार्यतालिका ।

२. २०७६ आषाढ मसान्तसम्ममा प्राप्त वैदेशिक अनुदान तथा ऋण तर्फको वस्तुगत सहायता र सोझै भुक्तानी वापत के कति प्राप्त भै के कति खर्च भएको छ सोको रकमगत र दातृ संस्थागत श्रोत खुलेको विवरण निम्न ढाँचामा तयार गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने र TSA System मा प्रविष्टि गराई प्रतिवेदनको व्यवस्था गरिदिनुहुन र सोको जानकारी यस कार्यालयमा २०७६ साल असोज १५ गतेभित्र अनिवार्य रुपमा उपलब्ध गराइ दिनु हुन ।

<u>सोझै भुक्तानी तथा वस्तुगत सहायताको विवरण</u>

| व.उ.शी.नं. | आयोजनाको नाम | दातृ संस्था | स्रोतको प्रकार | खर्च शीर्षक रकम नं. | स्विकृत बजेट रु | प्राप्त रकम रु. | खर्च रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

श्री स.स. प्रशासन महाशाखा

नियन्त्रक